# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, पुस १ गते २०४२ साल (संख्या ३५

## भाग ३

### श्री ५ को सरकार
### गृह मन्त्रालयको
### सूचना १

**प्रहरी केटा (भर्ना तथा सेवा शर्त) नियमावली, २०४२**

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "प्रहरी केटा (भर्ना तथा सेवा शर्त) नियमावली २०४२" रहेको छ ।

(२) यो नियमावली २०४१ साल जेष्ठ १ गतेदेखि लागू भएको मानिनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा प्रहरी केटा भन्नाले यस नियमावलीबमोजिम प्रहरी केटामा नियुक्ति भएको व्यक्ति सम्झनुपर्छ ।

३. छनौट समिति: प्रहरी केटामा नियुक्तिको निमित्त योग्य उम्मेदवार सिफारिश गर्न प्रहरी प्रधान कार्यालयले एक छनौट समिति गठन गर्नेछ ।

४. आवश्यक न्यूनतम योग्यता: प्रहरी केटामा भर्ना हुन चाहने व्यक्ति देहाय बमोजिमको न्यूनतम योग्यता पुगेको हुनुपर्नेछ:–

(क) नेपाली नागरिक ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) भर्ना हुने वर्षको वैशाख १ गते १३ वर्ष पूरा भएको र १७ वर्ष ननाघेको ।

(ग) राजनीतिमा भाग नलिएको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) उचाइ कम्तिमा ४ फिट ५ इन्च ।

(च) छाती नफुलाउँदा कम्तिमा २६ इन्च फुलाउँदा कम्तिमा २८ इन्च ।

(छ) आँखा कमजोर नभएको ।

(ज) नेपाली लेखपढ गर्न जान्ने ।

५. संरक्षकको स्वीकृति : प्रहरी केटामा भर्ना हुन चाहने व्यक्ति सोह्र वर्ष उमेर नपुगेको भएमा त्यस्ता व्यक्तिले आफ्नो संरक्षकको स्वीकृति पेश गर्नु पर्नेछ ।

६. नियुक्ति : छनौट समितिबाट सिफारिश भएका व्यक्ति स्वास्थ्य जाँचबाट समेत योग्य ठहरिएमा निजलाई प्रहरी तालीम केन्द्रको समादेशकले प्रहरी केटामा नियुक्ति गर्नेछ ।

७. शपथ ग्रहण : प्रहरी केटामा नियुक्ति भएको व्यक्तिले प्रहरी नियमावली, २०३३ को अनुसूची १ मा दिएको ढाँचामा सदर प्रहरी तालीम केन्द्रका समादेशक समक्ष सपथ ग्रहण गर्नु पर्नेछ ।

८. नियुक्ति स्वतः बदर हुने : नियम ४ बमोजिमको आवश्यक योग्यता वा नियम ५ बमोजिमको स्वीकृतिसम्बन्धी झुट्टा विवरण पेश गरेको प्रमाणित हुन आएमा प्रहरी केटाको नियुक्ति स्वतः बदर हुनेछ ।

९. प्रहरी केटाको काम कर्तव्य : प्रहरी केटाको काम र कर्तव्य देहायबमोजिम हुनेछ ।

(क) प्रहरी सेवाको भावनाले प्रेरित भई उच्च आदर्श र मनोबल बढाउने किसिमको कार्यमा अग्रसर हुने ।

(ख) प्रतिस्पर्धात्मक रूपमा खेल जगतमा संलग्न हुने, खेलकूदको स्तर अभिवृद्धि गर्ने ।

(ग) नियमित एवम् अनुशासित व्यायामद्वारा शारीरिक क्षमतामा बृद्धि गर्ने ।

(घ) प्रहरी तालीम केन्द्रले समय समयमा दिएको आदेश निर्देशन पालना गर्ने र लाए अह्राएको जिम्मेवारी पूरा गर्ने ।

१०. तालीम : प्रहरी केटाले प्रहरी प्रधान कार्यालयबाट निर्धारित गरे बमोजिमको तालीम लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. तलब, भत्ता, रासन र अन्य सुविधा : (१) प्रहरी केटाहरूले प्रहरी जवानले पाउने शुरू तलबको ५० प्रतिशत मात्र तलब पाउने छन् ।

(२) प्रहरी केटाले प्रहरीसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम प्रहरी जवानले पाएसरहको बिदा पाउनेछ । तर रासन तथा लुगाको हकमा परिशिष्ट क र ख मा उल्लेख भए बमोजिमको सहुलियत पाउनेछ ।

(३) आफ्नो पदको कर्तव्य पालनाको सिलसिलामा कुनै प्रकारको शारीरिक चोट पटक, अंगभंग वा मृत्यु भएमा प्रहरी केटाले प्रहरीसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम प्रहरी जवानले पाउने सरहको अशक्तवृत्ति वा पारिवारिक-वृत्ति पाउनेछ ।

१२. प्रहरी केटा प्रहरी जवान हुने : प्रहरी केटाले रिक्रुट तालीम उत्तीर्ण गरी सकेपछि र १८ वर्ष पूरा भएपछि प्रहरी जवानमा नियुक्ति पाउनेछ ।

तर प्रहरी केटाले प्रथम पटकमा रिक्रुट तालीम उत्तीर्ण गर्न नसकेमा दोस्रो पटक मौका दिइनेछ र दोस्रो पटक उत्तीर्ण हुन नसकेमा अवकाश पाउनेछ ।

१३. उपदान र निवृत्तिभरणको प्रयोगको लागि सेवाको गणना गर्दा नेपाल प्रहरी-संम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम निज प्रहरी जवान भएको मितिबाट गरिनेछ ।

१४. बचाउः यस नियमावलीमा लेखिएको कुराहरूमा यसै नियमावलीबमोजिम र अरूमा प्रहरीसम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ ।

परिशिष्ट "क"

प्रहरी केटाको लागि रासन स्केल

| सि.नं. | सामान | रासन स्केल |
|---|---|---|
| १. | चामल | ५०० ग्राम |
| २. | आलु | ११३.५ ग्राम |
| ३. | चिनी | २८.४ ग्राम |
| ४. | घिउ | १४.२ ग्राम |
| ५. | नून | २८.४ ग्राम |
| ६. | तेल | १४.२ ग्राम |
| ७. | दूध | ६२३.२ ग्राम |
| ८. | मसला | ७.१ ग्राम |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६०२

| | | |
|---|---|---|
| ९. | सब्जी | १७०.३ ग्राम |
| १०. | पिठो | २५ ग्राम |
| ११. | चिया | २.४ ग्राम |
| १२. | दाउरा | १३६२ ग्राम |
| १३. | दाल | ५६.८ ग्राम |
| १४. | मासु | २८.४ ग्राम |
| १५. | फलफूल | १७३ ग्राम |

परिशिष्ट "ख"

प्रहरी केटाको प्रारम्भिक पोशाक

| सि. नं. | सामानको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | खाकी कमिज | २ (दुई) थान | |
| २. | खाकी कट्टु | २ (दुई) थान | |
| ३. | खाकी पेन्ट | २ (दुई) थान | |
| ४. | ब्यारेट क्याप | १ (एक) थान | |
| ५. | सिठ्ठी | १ (एक) गोटा | |
| ६. | सिठ्ठी कर्ड | १ (एक) थान | |
| ७. | वैभ बेल्ट | १ (एक) थान | |
| ८. | ऊनी होष्टाफ | १ (एक) जोर | |
| ९. | पी. टी. गन्जी | २ (दुई) थान | |
| १०. | कालो छालाको बुट | १ (एक) जोर | |
| ११. | ऐङ्क्लेट | १ (एक) जोर | |
| १२. | पी. टी. जुत्ता | १ (एक) जोर | |
| १३. | ऊनी कम्बल | २ (दुई) थान | |
| १४. | पानी वर्षादी | १ (एक) थान | |
| १५. | खाकी झुल | १ (एक) थान | |
| १६. | ऊनी मोजा | २ (दुई) जोर | |
| १७. | ऊनी जर्सी | २ (दुई) थान | |
| १८. | टेरिकटन कमिज र पेन्ट | १ (एक) जोर | |
| १९. | ऊनी कमिज | १ (एक) थान | |
| २०. | ऊनी पेन्ट | १ (एक) थान | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

## कारागार (पाँचौं संशोधन) नियमावली, २०४२

कारागार ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "कारागार (पाँचौं संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. कारागार नियमावली, २०२० को नियम २७ मा संशोधनः कारागार नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः–

"२७. कैदीहरूको चालचलनको अभिलेख राख्नेः (१) कारागारभित्र बदमासी गर्ने वा कारागार ऐनको दफा २२ वा २४ बमोजिमको गर्न नहुने काम गरेमा त्यस्ता कैदीहरूलाई प्रचलित कानूनबमोजिम सजाय गरी त्यस्ता कैदीहरूको नाम नामेसी, गरेको कसूर र पाएको सजाय लेखी एउटा लगत किताब खडा गरी राख्नुपर्नेछ ।

(२) कारागारभित्र, असल चालचलन भएका कैदीहरूको नाम नामेसी, गरेको कसूर र पाएको सजाय उल्लेख गरी निजहरूको अर्को छुट्टै लगत किताब खडा गरी राख्नुपर्नेछ ।

(३) कुनै उत्सवमा छुट्ने कैदीहरूको लगतमा उप-नियम (१) बमोजिमको लगत किताबमा परेका कैदीहरूको नाम लेखी पठाइनेछैन ।"

३. मूल नियमावलीको नियम २९ मा संशोधनः मूल नियमावलीको नियम २९ को उप-नियम (३) पछि देहायको उप-नियम (४) थपिएको छः–

"(४) कुनै कैदीको कारागारभित्र ज्यादै राम्रो चालचलन भएको आधारमा श्री ५ को सरकारले उप-नियम (१) र (२) मा लेखिएको अवधिमा थप बढीमा तीन वर्षसम्म कैद माफी हुन श्री ५ का हजूरमा जाहेर गर्न सक्नेछ ।"

४. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छः–

"३०. जन्म कैदको अवधिः (१) यी नियम लागू भएपछि प्रचलित नेपाल कानून बमोजिम क्रुर प्रकृति, विध्वंसात्मक, राष्ट्र विप्लव वा राजकाज अपराध गरेको भनी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतले ठहराई फैसलामा लेखिएका जन्म कैदको सजाय पाएको कैदीलाई कैद गर्दा एक्काईस वर्षदेखि तेत्तीस वर्ष कैद गरिनेछ ।

(२) उपनियम (१) मा लेखिएका बाहेक जन्म कैदको सजाय पाएका अरू कैदीलाई बीस वर्ष कैद गरिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कैद गरिने अवधिभित्र कारागारमा ज्यादै राम्रो चालचलन भएका कैदीलाई नियम २९ बमोजिम कैद माफि हुन श्री ५ का हजूरमा जाहेर गर्न सकिनेछ ।"

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा ६० (ख) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २७ बाहेक अन्य सम्पूर्ण दफाहरू निम्नलिखित प्रतिष्ठानहरूमा आजैका मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

| | | |
|---|---|---|
| १. | पद्म चित्र मन्दिर | भद्रपुर |
| २. | हिमालय टाकिज | विराटनगर |
| ३. | जलजला सिनेमा | विराटनगर |
| ४. | अरूण सिनेमा | विराटनगर |
| ५. | शिव सिनेमा | धरान |
| ६. | गणेश टाकिज | धरान |
| ७. | कमल टाकिज | इनरूवा |
| ८. | शंकर चित्रालय | लाहान |
| ९. | पशुपति टाकिज | लाहान |
| १०. | शिवशंकर चित्रमन्दिर | राजविराज |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६८

| | | |
|---|---|---|
| ११. | राज सिनेमा | राजविराज |
| १२. | हनुमान टाकिज | जनकपुर |
| १३. | नीलम टाकिज | जनकपुर |
| १४. | पुष्प टाकिज | मलंगवा |
| १५. | अप्सरा सिनेमा | वीरगञ्ज |
| १६. | विद्या चित्र मन्दिर | वीरगञ्ज |
| १७. | देवी सिनेमा | हेटौंडा |
| १८. | गुप्ता चित्र मन्दिर | कलैया |
| १९. | नारायणी चित्र मन्दिर | नारायणघाट |
| २०. | गणेश चित्र मन्दिर | नारायणघाट |
| २१. | जुन चित्र मन्दिर | नारायणघाट |
| २२. | अशोक सिनेमा | पाटन |
| २३. | रञ्जना सिनेमा | काठमाडौं |
| २४. | जय नेपाल चित्रघर | काठमाडौं |
| २५. | विश्वज्योति सिनेमा | काठमाडौं |
| २६. | कुमारी चित्र मन्दिर | काठमाडौं |
| २७. | नवदुर्गा चित्र मन्दिर | भक्तपुर |
| २८. | कल्पना सिनेमा | पोखरा |
| २९. | पूर्णिमा सिनेमा | पोखरा |
| ३०. | सन्तोष सिनेमा | पाल्पा |
| ३१. | पञ्चरत टाकिज | भैरहवा |
| ३२. | जोशी टाकिज | धनगढी |
| ३३. | लक्ष्मी चित्र मन्दिर | नेपालगञ्ज |
| ३४. | कालिका चित्र मन्दिर | बुटवल |
| ३५. | कृष्ण टाकिज | इटहरी |

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले मर्स्याङ्दी जल विद्युत विकास समिति (गठन) आदेश, २०३८ को दफा ३ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी जल विद्युत विकास समितिमा देहायबमोजिम हेरफेर गरेको छ :

(क) माननीय जलस्रोत मन्त्री — अध्यक्ष
(ख) माननीय जलस्रोत सहायक मन्त्री — उपाध्यक्ष
(ग) सचिव, जलस्रोत मन्त्रालय — सदस्य
(घ) प्रतिनिधि, अर्थ मन्त्रालय — सदस्य
(ङ) प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय — सदस्य
(च) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय — सदस्य
(छ) कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण — सदस्य
(ज) परियोजना प्रमुख, मर्स्याङ्दी जल विद्युत परियोजना — सदस्य-सचिव

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।